म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३२९ मंगलबार २५ असार २०८१ ने. सं. ११४४ दिल्लाथ्व 9 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भैंसेबाट गाँजासहित एकजना पक्राउ

हेटौंडा, २४ असार/जिल्ला प्रहरी कार्यालय मकवानपुरले भीमफेदी गाउँपालिका-२ भैंसेचोकबाट अवैध लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । प्रहरीले आइतबार करिब ४ किलोग्राम लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा भीमफेदी गाउँपालिका-८, इपापन्चकन्या बस्ने ३१ वर्षीय भीम स्याङ्तान रहेका छन् । उनलाई प्रहरीचौकी भैंसेबाट खटिएको प्रहरीटोलीले पक्राउ गरेको हो । प्रहरीका अनुसार, भीमफेदीबाट हेटौंडातर्फ आउँदै गरेको ना.४७ प १२२७ नम्बरको मोटरसाइकललाई रोकी चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनको साथबाट सो परिमाणको गाँजा बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

# चार महिनामै अल्पमतमा जम्कट्टेल, एमालेको समर्थन फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ नेकपा एमालेले बागमती प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री शालिकराम जम्कट्टेल चार महिनामै अल्पमतमा परेका छन् ।



नेपाली कांग्रेससँगको एकवर्ष लामो गठबन्धन तोडेर एमालेसँग सत्तासाझेदारी गरेका मुख्यमन्त्री जम्कट्टेल चार महिनामै अल्पमतमा परेका हुन् । ११० सदस्यीय बागमती प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । जम्कट्टेललाई आफ्नै दल माओवादी केन्द्रको २१, एमालेको २७, समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ गरी ५७ सांसदमध्ये ५६ जना सांसदले विश्वासको मत दिएका थिए । एमालेले समर्थन फिर्ता लिएसँगै उनी सोझै अल्पमतमा परेका हुन् ।

बागमती प्रदेशसभामा सात राजनीतिक दलको प्रतिनिधित्व रहेकोमा सबैभन्दा ठुलो दल कांग्रेसका ३७, राप्रपाका १३, नेमकिपाका ३ सांसद छन् । नयाँ सत्तासमिकरणका लागि सहमति गरेका नेपाली कांग्रेस र नेकपा एमालेसँग गरेर मात्रै ६४ सांसद छन् । सरकार बनाउन यी दुई दलसँग स्पष्ट बहुमत रहेको छ ।

मुख्यमन्त्रीको कुर्सीमा रहेका जम्कट्टेल कुनै राजनीतिक घटनाक्रममा परिवर्तन नआए सम्भवत महिनादिनमा सरकारबाट बाहिरिने सम्भावना छ । सरकार टिकाइराख्ने जम्कट्टेलसँग कुनै संसदीय विकल्प छैन । उनी एमाले सरकारबाट बाहिरिएसँगै सोझै अल्पमतमा परेका हुन् । प्रदेशको साँढे ६ वर्षमा निरन्तर सत्तामा रहेका उनी अब प्रमुख प्रतिपक्षीको कित्तामा पुग्नेछन् ।

सोमबार बागमती सरकारलाई दिएको समर्थ र एमालेका पाँचजना मन्त्रीले हेटौंडा-२, स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पुगेर राजीनामा बुझाएका थिए । २० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्ता समिकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । चैतमा एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भयो ।

सरकारमा माओवादीले मुख्यमन्त्रीसहित चार मन्त्रालय, एमालेले पाँच, एकीकृत समाजवादीले ३ र हाम्रो नेपाली पार्टीले एउटा मन्त्रालय सम्हालिरहेको छ । समाजवादीलाई चैतमा थप एउटा मन्त्रालय दिइएको थियो । सोमबार सम्म एमालेले मात्रै सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ भने एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले समर्थन कायम राखेका छन् । नयाँ सत्तासमिकरण बनेसँगै बागमतीमा अब चौथोपटक एमाले र कांग्रेसको गठबन्धन सरकार बन्नेछ । केन्द्रीय समिकरण अनुसार बागमतीमा पनि सरकार गठन हुने भएकाले नयाँ गठबन्धनमा अन्य दल सहभागी हुने वा नहुनेबारे अहिले नै टुंगो लागिसकेको छैन ।

मुख्यमन्त्री जम्कट्टेललाई सोमबार एमाले बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियासहित वाणिज्य भूमि तथा प्रशासनमन्त्री प्रकाश श्रेष्ठ, वन तथा वातावरणमन्त्री केशव पोखरेल, स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ र जलश्रोत, उर्जा तथा खानेपानीमन्त्री एकालाल श्रेष्ठले राजीनामा बुझाए । प्रदेशको दोस्रो कार्याकालमा एमाले दोस्रोपटक सरकारबाट बाहिरिएको छ ।

२५ पुस २०७९ मा एमाले, राप्रपा, माओवादी केन्द्र र एकीकृत समाजवादीको सत्ता समीकरणबाट दोस्रो कार्यकालको पहिलो सरकार गठन भएको थियो । त्यो सरकार साँढे २ महिनामात्रै टिक्यो र एमाले सरकारबाट बाहिरियो । १० चैत २०७९ मा मुख्यमन्त्री जम्कट्टेलले कांग्रेस र एकीकृत समाजवादीसँगको गठबन्धन सरकारका लागि विश्वासको मत लिए । २० फागुन २०८० मा फेरि एमालेसँग माओवादीको केन्द्रीय सत्तासमिकरण बनेसँगै बागमतीमा एमाले चैत पहिलो साता सरकारमा गएको थियो । एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको सरकार गठन भयो ।

बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् । आइतबार काठमाडौंस्थित पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेलले राजीनामा नदिने र विश्वासको मत लिने निर्णय गरेको माओवादीका मुख्य सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए । विश्वासको मत लिने दलको बैठकले निर्णय गरे पनि मिति भने नतोकिएको जानकारी दिए ।

# संकटमोचन गर्न कांग्रेससँग सहमति: बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ मकवानपुरका प्रतिनिधिसभा सदस्य तथा नेकपा एमालेका प्रमुखसचेतक महेशकुमार बर्तौलाले कांग्रेस र एमालेबीच भएको सम्झौता नभएर समझदारी भएको दाबी गरेका छन् ।



सोमबार प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै प्रमुखसचेतक बर्तौलाले दुई दलबीचको समझदारीबारे अपारदर्शी भनेर टिप्पणी भए पनि समझदारी पारदर्शी भएको बताए । उनले दुई दलमा भएको समझदारी देशको संकटमोचन गर्नका लागि भएको पनि बताए । 'सिंगो देशको संकटमोचन गर्न कांग्रेस र एमालेबीच सहकार्य गर्ने समझदारी भएको हो', उनले भने ।

'यो समझदारी अनुसार अन्य दललाई पनि राष्ट्रिय सरकारमा सहभागी हुन अपिल गर्ने भनिएको छ ।,' उनले प्रधानमन्त्रीले प्रेम एउटासँग गर्ने र लिभिङ टुगेदर अर्कोसँग गर्ने प्रवृत्ति देखाएकाले कांग्रेस-एमाले समझदारी भएको दाबी गरे । 'वर्तमान सरकारलाई एमालेले दिएको समर्थन असार १९ गते फिर्ता लियौं । समर्थन फिर्तासँगै एमालेका मन्त्रीहरुले राजीनामा दिनुभयो', बर्तौलाले अन्जु पन्तको गीत सुनाउँदै भने 'राजीनामा बुझाउने क्रममा प्रधानमन्त्रीले एउटा गीत गाउनुभयो, फत्तेमानको । तर, म प्रधानमन्त्रीलाई अन्जु पन्तको गीत सुनाउन चाहन्छु ।,'

उनले 'तिमीले पराई ठानेपछि, पराई हुन के भयो र ? तिम्रो मेरो बीचको नाता भन्नु पनि के रह्यो र ?,' बोलको गीत गाउँदै प्रधानमन्त्रीले सँगै बसौं र सरकारलाई विकास सम्मृद्धिको पथमा अघि बढाउन एमालेले चाहेपनि प्रधानमन्त्रीले अर्को दाउपेचको खेलेको आरोप लगाए । 'उहाँको चुलबुले स्वभाव र उथलपुथलको शैलीको मारमा एमाले पर्‍यो । त्यही भएर हामी बाहिरियौं,' उनले भने ।

उनले नयाँ समझदारीपछि केही समीक्षा भएको भन्दै प्रधानमन्त्रीले कहिले कांग्रेस र कहिले एमालेलाई गैंडाले चाटेजस्तो गरेको टिप्पणी गरे । त्यसक्रममा बर्तौलाले फाइल खोल्ने भनेर केही मन्त्री र नेताहरुले धम्की दिएको भन्दै फाइल खोलेर देखाउन चुनौती दिए । उनले संविधानको धारा ७६ को उपधारा २ अनुसार नै नयाँ सरकार गठन हुने भन्दै यदि प्रधानमन्त्रीले असार २८ मा बहुमत पुर्‍याए आफूहरुलाई कुनै आपत्ति नहुने बताए ।

## हेटौंडा-८ बालमैत्री वडा घोषणाउन्मुख

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ हेटौंडा उपमहानगरपालिका-८ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । विभिन्न ५१ वटा सूचक पूरा गरेसँगै असार २९ गते यस वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी गरिएको वडाअध्यक्ष रामकृष्ण थापाले बताए ।

वडा कार्यालयले सोमबार पत्रकार सम्मेलन गर्दै घोषणा कार्यक्रमबारे जानकारी दिइएको थियो । घोषणा कार्यका लागि वडाअध्यक्ष थापाको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ । समितिले घोषणाका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको र हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम गर्न लागिएको अध्यक्ष थापाले बताए ।

वडामा गठित बालमैत्री स्थानीय शासन वडा समिति तथा बालअधिकार समितिले वडामा रहेका १९ वटा टोल विकास संस्थामा २१ वटा बालसमूह निर्माण गरी विभिन्न सूचकमा काम गरिएको वडाध्यक्ष थापाले बताए । 'हरेक बालसमूहमा २५ जना सदस्य रहेका छन्, हामीले डेढ वर्षदेखि वडालाई बालश्रम र बालबिवाहमुक्त बनाउन विभिन्न रचनात्मक क्रियाकलाप गर्दै आयौं,' वडाध्यक्ष थापाले भने ।

प्रयोग गरिएका सूचकलाई सम्बन्धित निकायले मापन गरेपछि कार्यपालिकाको बैठकले २९ गते वडालाई बालमैत्री स्थानीय शासनमुक्त घोषणा गर्न लागेका हो । यस कार्यले वडाभित्रका आर्थिक तथा समाजिक रुपान्तरण हुने विश्वास लिएको वढाअध्यक्ष थापाले बताए । कार्यक्रममा वडासदस्य राजु मुक्तान, गोरखनाथ राय, वडासचिव भगवती रिमाल, वडा बालमैत्री सहजकर्ता रोजिता दंगाल लगायतको उपस्थिति थियो ।

## पशुपतिनाथ मन्दिरमा रोपियो एक सय ५० विरुवा

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ हेटौंडामा सञ्चालित 'द क्यान्डिड स्टुडियो'ले वृक्षरोपण गरेको छ । हेटौंडा-७ न्युरेनी स्थित पशुपतिनाथ मन्दिरमा १ सय ५० वटा विरुवा रोपिएको हो ।

बेल, अमला, कागती, तेजपात, पारिजात, जामुन सहित १३ प्रजातिका १ सय ५० विरुवा रोपिएको स्टुडियोका प्रवन्धक निर्देशक ओमप्रसाद फुँयालले बताए । कार्यक्रममा स्टुडियोका कर्मचारी, फरेष्ट्रि क्याम्पसका विद्यार्थी, रोटऱ्याक्ट क्लब अफ मकवानपुर र स्थानीयबासीको सहभागितामा वृक्षरोपण गरिएको हो । वृक्षरोपणको लागि मन्दिर परिसरलाई नै छनोट गरेकोमा स्टुडियोलाई धन्यवाद दिँदै मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कृष्ण घिमिरेले विरुवा हुर्काउने सम्पूर्ण स्थानीयको कर्तव्य रहेको बताए । कार्यक्रममा न्यूरेनी चिसापानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष प्रकाश कार्की, संगालो टोल विकास संस्थाको अध्यक्ष रोमप्रसाद न्यौपानेलगायतको उपस्थिति थियो । बदलिँदो जलवायु परिवर्तनलाई मध्यनजर गर्दै यो वर्ष १ हजार विरुवा रोप्ने लक्ष्य लिएर वृक्षरोपण सुरुवात गरिएको प्रबन्धक निर्देशक फुँयालले बताए । उनले ८ वटा प्लाष्टिकको बोतलमा एक विरुवा साट्ने अभियान रहेको बताएका छन् ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



साझाकुरा

## हाम्रो कुरा

# गाउँपालिकालाई मुद्दा

बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटबिरुद्ध उच्चअदालत पाटन, हेटौंडा ईजलाशमा रिट निबेदन दर्ता भएको छ । गाउँपालिका उपाध्यक्ष फणिन्द्रकुमार तिमल्सिना, ४ जना वडाअध्यक्षले अदालतमा रिट दायर गरेका हुन् । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम गठन भएको राजशव परामर्श समितिलाई काम गर्ने वातावरण नबनाएको आरोप लगाइएको छ । गाउँपालिका अध्यक्ष सर्केश घलान, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिकालाई बिपक्षी बनाएर रिट दायर गरिएको छ । असार १० गतेभित्र गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेट ल्याउनु पर्ने थियो । तर, गाउँपालिकाले यो मितिमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मात्र सार्वजनिक गरेको थियो । समितिलाई कार्य गर्न दिई आवश्यक सुझाव प्रतिवेदन समेत लिई नीति तथा कार्यक्रम बजेट तर्जुमा गर्नु गराउनु नीति तथा कार्यक्रम गाउँसभा बोलाई पुन: पेशगर्नु नीति तथा कार्यक्रम कानुन वमोजिम पारित नभई बजेट तर्जुमा नगर्नु, बजेट तर्जुमा गर्दा समेत स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६, ६७ र दफा ७१ बमोजिमको प्रक्रिया पूरा गरेर मात्र वजेट तर्जुमा गरी सभासमक्ष पेशगर्नु भनी विपक्षीको नाममा आदेश जारी गरी पाउँन माग गरिएको छ ।

गाउँकार्यपालिकाको गाउँसभावाट पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा नीति कार्यक्रमको आधारमा वजेट तर्जुमा नगर्नु नगराउनु वजेट पेश नगर्नु नगराउनु भनी विपक्षीको नाममा उच्चअदालत नियमावली २०७३ को नियम ४२(१) वमोजिम अन्तरिम आदेश समेत जारी गरीपाउँ भनि माग गरिएको छ । नेपालको संविधानको धारा २२१ ले स्थानीय तहको व्यपस्थापकीय अधिकार समेत रहेको संवैधानिक व्यवस्था रहेको छ । 'हामी निवेदकहरु संविधान र कानुनले दिएको हाम्रा अधिकार कर्तव्यप्रति सदा प्रतिवद्ध रही हामीलाई निर्वाचित गर्ने जनताप्रति संधै जवाफदेही र उत्तरदायी रही, समग्र जनताको हित र उन्नतिको लागि आफ्नो दायित्व जिम्मेवारी पुरा गरिरहेकै छौं' निबेदनमा भनिएको छ । ऐनको दफा ६७ ले वजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यबस्था गरी दफा ६६ वमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र वजेट तथा कार्यक्रम तर्जुमा गर्न भनी उपाध्यक्ष कै संयोजकत्वमा वजेट कार्यक्रम तर्जुमा समितिको व्यवस्था गरेको छ । 'पालिका अध्यक्षले आफ्नो अधिकारको सीमा नाघ्ने, हामी निवेदकका अधिकार प्रयोग गर्न वाधा पुऱ्याउने र हामीलाई निर्णयप्रक्रियामा समावेश नगराउने र कानुन विपरित पालिकाको कार्य संचालन गरी गैरसंवैधानिक र कानुनी व्यवस्थावाटै अर्जित अधिकार प्रयोगमा वाधा पुऱ्याउने गाउँपालिकाको कार्यसंचालन गाउँसभा संचालन नै गैरकानुनीढंगले संचालन कार्यको निराकरण र रोकथामको लागि अन्य वैकल्पिक मार्ग नभएको हुँदा वाध्य भई सम्मानित अदालत समक्ष उपस्थित भएका छौं' भनिएको छ ।

आगामी अ.व. २०८१/८२ को वार्षिक नीति कार्यक्रम र वजेटसमेत तर्जुमा गरी गाउँसभासमक्ष पेश गर्नुपर्ने अनिवार्य संवैधानिक कानुनी व्यवस्था रहेकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ ले स्थानीय राजश्व परामर्श समिति संयोजक गाउँपालिका उपाध्यक्ष तिमल्सिनाको संयोजकत्वमा रहने व्यवस्था छ । समितिले सोही दफा उपदफा २ (क) (९) (ग) (घ) (ङ) (च) को व्यवस्था अनुसार कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै सोही ऐनको दफा ६६ वमोजिम श्रोत अनुगमन तथा वजेट सीमा निर्धारण समिति रहने व्यवस्था गरी सो समितिका उपाध्यक्ष सदस्य रहने व्यवस्था गरेको छ । आफैं गाउँपालिकाको नेतृत्वमा रहेको अवस्थामा अदालत पुग्नुपर्ने भनेपछि यहाँनिर समस्या रहेको बुझ्न कठिन छैन । जे जस्तो भएपनि गाउँपालिका बैठकमा बहस गर्नुपर्ने विषय अदातलसम्म पुग्दा मतदाताको मन अमिलिएको त छैन ? यो विषयमा पनि मनन् गर्नुपर्छ कि ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार २६ गते बुधबार १० जुलाई २०२४ । चतुर्थी, आषाढ शुक्लपक्ष । दिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१७, सूर्यास्त ७:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा फाइदा मिल्नेछ | तुला | : प्रतिष्ठित काम पाइनेछ |
| वृष | : इनाम हात पर्नेछ | वृश्चिक | : सामाजिक दायित्व बढ्नेछ |
| मिथुन | : श्रम खेर जानेछ | धनु | : काममा सहयोग मिल्नेछ |
| कर्कट | : पढाइमा प्रगति हुनेछ | मकर | : अनावश्यक खर्च हुनेछ |
| सिंह | : उत्साहमा कमी आउनेछ | कुम्भ | : चिताएको काम बन्नेछ |
| कन्या | : आफन्तबाट धोका हुनेछ | मीन | : नसोचेको फाइदा पाइनेछ |

# मुकुलले खुस्काएको राजनीतिको चुकुल



✍कृष्णप्रसाद पौडेल

समाजको अगुवाइ गर्ने सबै नीतिको मूल मानिएको राजनीतिले अहिले समाजका बहुसंख्यक सदस्यहरूको उत्पीडन, शोषण र हिंसाको अगुवाइ गरिरहेको छ । नेपालको सत्ता-राजनीति यही कुशासनको धर्म निभाउँदै लुटपाट, ठगी र भ्रष्टाचारमा लिप्त छ । राजनीति यस्तो विकृत भने अन्याय, अत्याचार र शोषणबाट मुक्त समाज बनाउने कथित लोकतान्त्रिक तथा जनवादी समाजवादको रटान लगाउँदै दलाल पूँजीवादको पालनपोषणसँगै झनै झाङिँदै गएको छ । अहिलेका जग्गा दलाली, नागरिक बेच्ने र सहकारी ठगी यसका केही उदाहरण मात्र हुन् ।

सभ्य मानव समाज निर्माणमा सामूहिक मूल्यमान्यताको अगुवाइ गर्न अगुवाको विशेष स्थान बनाउने विधिको जराबाटै ऐंजेरु झैं पलाएको सत्ता सञ्चालनको अहंकार नै शासक र शासित वर्ग उत्पादन गर्ने काइते नीति र दम्भी, अहंकारी, निकम्मा र दलाल नेता पुन: उत्पादन गर्ने दोहोरो धार भएको हतियार बनेको छ । यसले समाजका सबै अंग विषाक्त बनाउँदै समाजलाई नै भयभित र आतंकित बनाएको छ । यो अहिले लोकतन्त्र, समावेशिता, सामाजिक न्यायको माला जप्दै सम्पूर्ण मानव जातिमाथि पुरुष शासन लाद्ने निकृष्ट सामाजिक सत्ताको दाबेदार बनेको छ । यही सत्ताको दादागिरीमा कुरुप शासकीय व्यवस्था टिकेको छ ।

सामन्त राजा-रजौटा हुँदै नेपालको सत्ताकेन्द्रित राजनीति यसैको निरन्तरताको जगमा टिकेको छ । यो कुरा गर्न धेरै पछाडिको इतिहासका गर्तमा डुबुल्की मार्नै पर्दैन किनकि यो देशको शासन यसैको जगमा टिकेको घाम जत्तिकै छर्लंग छ । अहिले राजनीतिको मर्म र विवेकलाई नयाँ पुराना सबै मिलेर भुत्ते हतियार बनाइरहेका छन् र आम मानिसका गला रेट्न उद्यत छन् । राजनैतिक नैतिकताबाट च्युत भएका अहिलेका सबै पार्टीका नेता र तिनका रैती सबै दलाली, भ्रष्टाचार र ठगीमा हात्ती र हात्ती छाप चप्पल भने जस्तै उस्तै-उस्तै छन् ।

बेला-बेला सत्ता स्वार्थका आडमा एकअर्कालाई घुर्क्याउन फाइल खोल्ने धम्की दिने र चुकुल लगाएका बन्द कोठामा राजनीतिक संवादका नाममा राजनीतिक वेश्यावृत्तिमा निरन्तर लागिरहने यिनको दिनचर्या बनेको छ । बितेको दशकमा मात्र दर्जन भन्दा बढी सत्ता साँठगाँठ गरेका यिनले, १९ महिनामा पाँच पटक विश्वास अविश्वासको खेल खेलेर आम मतदाता र निर्वाचित प्रतिनिधिको अपमान मात्र गरेका छैनन्, लोकतान्त्रिक संविधान र जनभावनामा खेलबाड गरेका छन् । निकम्मा नेताको अहंकारपूर्ण स्वज्ञानको बखानले राजनीति पूरै थलिएको छ । आशीर्वादले सत्तासीन हुने अन्धभक्त लालचीको जमातले यिनैको स्तुतिगानमै आफ्नो जीवनको सफलता देखेका छन् । आम नागरिक भने सत्ता राजनीतिको यो कुरुप दृश्यबाट आजित भएका छन् । उनीहरूमा राजनीति प्रतिको भरोसा नै टुटिसकेको छ ।

त्यसो त समग्र मानव समाज निर्माणमा सामूहिक विवेक र मूल्यमान्यताका पहाडहरूमा निरन्तर क्षयीकरण भइरहेको छ । प्रकृति र मानव समाजको अन्तरसम्बन्धबाट नि:सृत ज्ञान र यसको विवेकले ऊर्जाशील हुने सहकार्य, लोकतन्त्र र सामाजिक न्याय बबुरो भएको छ । राजनीति गर्न दलाली, ठगी, लुट, छल र कपटको परीक्षामा अब्बल हुनुपर्ने भाष्य स्थापित भएको छ । कपट गर्न वा यस्तो कपटलाई अन्धभक्त समर्थन गर्न नसक्नेले राजनीति गर्न नसक्ने सामाजिक मनोविज्ञान जब्बर बनेको छ । अहिले तथ्यमा आधारित तर्क, सामाजिक मूल्यमान्यता र मानवीय विवेक हैन पुरुष पौरखी विघटनकारी ज्ञानले (कु)तर्क गर्न सक्ने वैश्विक दलाल मात्र सत्ता राजनीतिको सिंढी चढ्न सक्ने नत्र केही नजान्ने अराजक स्वाँठको आरोप खेप्नुपर्ने भएको छ ।

सबैतिर मानवीय विवेकको खडेरी छ । राजनीतिमा मुर्कट्टा संस्कार हुर्किरहेको छ । यसले टाउको मात्र हल्लाउने रैती र हाँगा हल्लाएर पात झारेकोमा गर्व गर्ने चामत्कारिक राजनीतिक नेतृत्वको पुनरुत्पादन गरिरहेको छ । अहिले सत्ताकेन्द्रित राजनीतिका सबै नेता र रैतीको राजनीतिक नियत, नियति र औकात यत्ति हो । अहिले सत्ता राजनीतिको वरिपरि रहेका जो-कसैलाई अपवाद छु भन्ने लाग्छ भने यो लघुताभाष मात्र हो । हुनत यी कुनै भर्खरै भएका नयाँ र आकस्मिक कुरा हैनन् । यी सबै नेपालको राजनीतिका दशकौंदेखि प्रमाणित तथ्य हुन् । अहिलेसम्मका कुनै पनि पार्टी यी कुराबाट मुक्त छैनन् भन्दा अतिशयोक्ति हुँदैन । यो कुराको सटिक सन्दर्भ भने रास्वपाका महामन्त्री रहेका र हालै निलम्बनमा परेका मुकुल ढकालले ३२ पेजको प्रतिवेदनमा राम्रैसँग उजागर गरेका छन् ।

यो उनको समीक्षा रास्वपाको महासचिवको हैसियतमा गरेका हुन् । तर जे लेखे यसले नयाँ भनिएको पार्टीको मात्र हैन समकालीन राजनीतिको औकात देखाएको छ । ३८ जिल्ला घुमेर २००० भन्दा बढी कार्यकर्ता र आम मानिस भेटेर यो लेख्नुको पछाडि उनको के आशय थियो ? यो उनको कुण्ठा पत्र हो या प्रतिशोधको पुलिन्दा, मनगढन्ते कथा हो या वास्तविक खोजका आधारमा तयार भएको समीक्षा, यो उनैले जानुन् । यो पंक्तिकारको चासो नेपालको राजनीतिमा फरक धारको प्रतिनिधित्व गर्ने दाबी गरेको पार्टीको त यो हालत छ भने अरू दशकौंदेखि पटक-पटक निकम्मा र अक्षम प्रमाणित भइसकेका नेता र तिनका पार्टीहरूको हालत के होला ?

यो भलै मनगढन्ते कथाको सँगालो नै किन नहोस्, समसामयिक राजनीतिमा यसले सार्वजनिक रूपमा उठाएका यक्ष प्रश्न हुन् । यो सत्ता राजनीतिमा रहेका नेता तथा कार्यकर्ताको औकात देखाउने ऐना हो । नीति कथाका दस्तावेजमा बाहेक, छोटै समयमा जनमतको सहाराले राष्ट्रिय पार्टी बनेको नयाँ भनिएको पार्टीको एउटा जिम्मेवार नेताले यति कठोरता र सावधानीका साथ उठाएका कुरालाई कपटी नेता र रैतीले बेवास्ता गर्लान् तर नयाँ राजनीतिक शक्तिलाई भरोसा गरेर यो सपार्न सकिन्छ भनेर आश गर्ने विवेकशील र सचेत नागरिकले यसलाई बेवास्ता गर्न सक्दैनन् ।

हुनत, राजनीतिको यो कुरूपताको चर्चा गर्न नयाँ शक्तिको नाममा उदाएको तर यसमाथि प्रश्न उठ्दा तिल्मिलाएर एकस्वरमा प्रतिवादमा उत्रिएको यसको केन्द्रीय नेतृत्वको खैलाबैला पर्खिनुपर्ने केही थिएन । राजनीतिलाई समाज परिवर्तनको बाहक बनाउने दृढता सहित सामेल भएका केही अपवाद राजनीतिकर्मी बाहेकका, अधिकांश सबै, परम्परागत राजनीतिको दाउपेचमा असफल भएर यसमा टाँसिन पुगेका अवसरवादीहरू हुन् । यो समीक्षाबाट तिनै सबैभन्दा उद्वेलित भएका छन् ।

यसको नेतृत्वको सामूहिक एकमत अभिव्यक्तिबाट यो कुरा आफैं पुष्टि हुन्छ । मुखमा चुकुल लगाएका यसका नेता-कार्यकर्ता यसलाई मुकुलको निजी विचार भनेर टक्टकिएका छन् । अरू चलनचल्तीका पार्टीका अवसरवादी नेता र तिनका कार्यकर्ताहरू यो आन्तरिक विवाद भन्दै कुम हल्लाउँदै छन् । अन्य बुझक्कड सनातनी राजनीतिक अन्धभक्त कुतर्कको फेरो समाउँदै बाझाबाझमा उत्रिएर समयको नाश मात्र गरिरहेका छन् । राजनीतिलाई विकृत बनाउँदै समाजलाई नै अधोगतितर्फ धकेल्न उद्यत जमात यस्तो प्रलयकारी यात्रामा अन्धभक्त भएर दगुरिरहेको छ । यसले सनातनी राजनीतिको मुर्कट्टा मतिमा प्रश्न गर्नुको साटो यसैमा लय मिलाउने बिचौलिया जमातमा दर्ज्यानी फुली थपेको थपेकै छ ।

यसको जमात बढेसँगै हाम्रो उन्नतिको आश र भरोसा समेत तुषारापात भएको छ । यो कुरालाई मुकुलले उदांगो पारिदिएका छन् । उनले उठाएका वर्तमान राजनीतिका सरल र सपाट सवालले राजनीतिको नाममा भए-गरेका दलाली, कपट, जालझेल र ठगीको मुखुण्डो उतारेको छ । भलै उनी यो राजा नांगै छ भन्ने निर्भीक आँटमा टिक्न सक्छन् वा सक्दैनन्, या उनको निहित उद्देश्य र अन्तर्य के हो ? उनैले जानुन् तर यो अरू माथि गरिने प्रश्न मात्र हैन आफैंमाथि प्रश्न गर्ने साहसिक कदम हो भन्न हिच्किचाउनु पर्दैन । किनकि यो प्रश्न सार्वजनिक भएसँगै अब यो उनको मात्र प्रश्न रहेन । यो नेपाली राजनीतिमा मौलाएको विकृतिको बहसको यक्ष प्रश्न बनेको छ । यो प्रश्न उनैलाई र अरू हामी कसैलाई पनि सोध्न सकिने प्रश्न हो ।

हामी सबैलाई थाहा छ, अहिले सामाजिक तथा वातावरणीय संकट चुलिँदै गएका छन् । चाहे जे सुकै नामधारी होउन्, परम्परा धान्ने वाद, प्रतिवादको राजनीतिले यी संकट थप गिजोलिएका छन् । त्यसो त यिनको सम्बोधनका आवाजहरू उठ्न थालेका छन् । यी संकटलाई फर्केर हेर्ने र फेर्ने अठोट र आन्दोलन पनि जागृत हुँदैछन् । यो जागरणमा ऊर्जा नथपी हाम्रो भविष्य सप्रिँदैन ।

अहिलेको राजनीतिका बेथितिलाई समयमै फर्केर हेर्न र सच्याउन नलाग्ने हो भने प्रकृतिसँगै मानवीय सभ्यता र संस्कृति निरन्तर क्षयीकरण भैरहनेछ । तसर्थ अबको राजनीतिक आन्दोलनले समग्रमा यी प्रवृत्तिलाई जगैदेखि बढार्ने हैसियत भएको संक्रमणकालीन नेतृत्व जन्माउनुपर्नेछ । सचेतता र सावधानीपूर्वक यस्तो नेतृत्व र आन्दोलनको बलमा नयाँ राजनीतिको जग बनाउन नसक्ने हो भने नेपाली राजनीतिको संक्रमणकालीन यात्रा अझै लामो मात्र हुनेछैन झनै कष्टकर समेत हुनेछ ।

यस्तो अवस्थामा सनातनी राजनीतिका धर्मभीरुबाट फेरि नयाँ केही भइहाल्छ कि भन्ने मृगतृष्णाको कुनै अर्थ छैन । यस अर्थमा समयको गति र लय समाउन जुर्मुराएका वैकल्पिक राजनीतिका अगुवालाई साथ दिनुको विकल्प छैन । यिनलाई सघाएर मात्र हाम्रो भविष्य राम्रो बनाउन सकिन्छ । मक्किएका पार्टी, मुर्कट्टा रजौटा र तिनैको सिको गर्ने रैतीबाट उन्नतिको बाटो समाउन सकिँदैन । त्यसैले जति नै ढिलो भए पनि अहिलेको राजनीतिको मूल ढाँचा र मूल्यमान्यता फेर्ने अठोट विना नेपाली समाजको उन्नतितर्फको यात्रा सम्भव छैन भन्ने बुझ्नु र बुझाउनु अहिलेको पहिलो आवश्यकता हो ।

समग्रमा, यो सबैको सन्देश के हो भने हाम्रा भावी सन्ततिलाई उन्नत प्रकृति र मानव समाज जिम्मा लगाउन अहिलेको राजनीतिक दृष्टिकोण, संयन्त्र र अभ्यासबाट सम्भव छैन । त्यसैले राजनीतिका यी मूल आयाममा गम्भीर राजनीतिक संवादको खाँचो छ । यसले मात्र भविष्य सम्हाल्न सक्ने राजनीतिको दिशाबोध गर्छ । यस्तो राजनीतिक पुनर्जागरणको दृष्टिकोण, संयन्त्र र अभ्यास कस्तो होला ? यसलाई के भनेर बुझ्ने-बुझाउने होला ? यस्तो यात्राको संक्रमण कसरी होला ? सबैको कौतूहल स्वाभाविक छ । सँगै, अब हामी कसैलाई पनि पुरानै गल्ती दोहोऱ्याउने र अलमल गर्ने छुट छैन भन्ने सन्देश नै यसको मूल मर्म हो ।

*(साभार: अनलाइनखबर)*

# नेपाली राजनीतिको भविष्य

✍ केशव अधिकारी

वि.सं. २००७ देखि आम नेपाली जनताले राजनीतिक उपलब्धिको आशा गर्दै आएका थिए । १०४ बर्से राणा शासनको अन्त्यसँगै अब देशमा धेरै कुरा परिवर्तन होला, नेपाली जनताका लागि न्यूनतम बचाइका लागि आवश्यक पर्ने गाँस, बास र कपासको आवश्यक व्यवस्था अवश्य होला । अब देशका विभिन्न क्षेत्रमा विद्यालय, विश्वविद्यालयहरु खोलिएलान् । आम नेपाली जनताका सन्तानले सुविधासँग शिक्षा आर्जन पाउलान् ।

यस्ता विविध क्षेत्रका अनि विभिन्न तह र तप्काका नेपालीहरुको खुशीको सोचाइको लहर मानसमा मात्र होइन कि बाहिर दृष्टिगोचर हुने तरिकाले हाउभाउमय खुशीको पलभित्र समेटिएको थियो । ती खुशीका सिलो खोजेका दानाहरुमा शिक्षाको दानो केही मात्रामा भए पनि अलि मौलाएरै जान सकेको देखियो । तर अरु कुनै पनि क्षेत्रमा आशातीत फक्राइमा फक्रन सकेको महसुस गर्न हामीभन्दा ३ पुस्ताअगाडिका सम्मले पाएनन् । यो निकै दु:खद विषय थियो । तर ०७ सालदेखि १७ सालसम्मकै एक दशक लामो राजनीतिक घिस्राइमा पनि आम नेपाली जनताका ती निर्दोष र सुखद भविष्यको सोचको कुराले मौलाउने मौका नपाएकै हुन् भन्न सकिन्छ । यो पवित्र अवसर नजुट्नु या त नजुटाउन खोज्नु नै राजनीतिले बाटो बिराउन थालेको पहिलो संकेत थियो भन्नुपर्छ । यसको मतलव त्यस बेलाको नेपालको सिंगो राजनीतिको एक्लो नेतृत्वको दाबेदार भनेको नेपाली कांग्रेसजस्तो आफूलाई परिवर्तनको संवाहक ठान्ने राजनीतिक दल रहेको थियो । अरु साना राजनीतिक दलको अस्तित्व करिब शून्यको अवस्थामा थियो ।

नेपाली कांग्रेस पार्टीको स्थापना हुँदै गर्दाको बीजरोपणको शतप्रतिशत नि:स्वार्थ भावनाले ओतप्रोत भएर भएको थियो । १०४ वर्ष लामो समय टिकेको राणाशासनलाई आफल्न सकियो भने आम नेपाली जनताले सुख पाउनेछन्, शिक्षाको विकास हुनेछ भन्नेजस्ता पवित्र अवधारणा मनभित्र साँचेर स्थापना गरिएको एउटा राजनीतिक दलभित्र समयको दगुराइमा धेरै परिवर्तन आउँदै गए । ती सबै परिवर्तनहरुमध्ये धेरैजसो नकारात्मक र नगन्य मात्रामा सकारात्मक परिवर्तनहरु थिए । सकारात्मक अवधारणाले रोपेको बीउमा बिस्तारै कीरा लाग्दै जान थालेपछिका दिनमा उक्त राजनीतिक दलबाट देश र नेपाली जनताका लागि गरिनुपर्ने कर्तव्य कर्महरु अलि-अलि टाढा सर्दै जान थालेको जस्तो आभास आमजनताका मानसमा हुन थाल्यो । तथापि चुनावको समयमा अरु भरपर्दो विकल्प नपाएर मतदान गरी जिताउन कर लाग्यो । नेपाली कांग्रेस पछि स्थापित भएर राजनीतिको सतहमा आइसक्दा पनि उनीहरुभित्रको असन्तुष्टि प्रस्ट अनुभव हुन्थ्यो । त्यो असन्तुष्टिबाट मुक्त हुनको लागि तिनीहरुले जे-जस्ता क्रान्तिकारी वा परिवर्तनकारी कदम अगाडि चाल्दै जान सक्थे, त्यति नै राजनीतिको एउटा सिस्टम वा तरिका स्थापित हुँदै जान्थ्यो । पहिलोपटक औपचारिक रुपमा राजनीतिको सतहमा आउने र निरंकुश शासनका विरुद्धमा विद्रोह गर्न तम्सिए । तिनले विगतको निरंकुश शासकको तामझामी रबैयालाई थोरै मात्रामा भए पनि नियाल्ने मौका पाएपछि उनीहरुको मानसपटलमा पनि त्यसको नकारात्मक प्रभाव पर्न गयो ।

विगतमा निरंकुश शासनका विरुद्धमा संघर्ष गर्दाको पीडाको दिन एकपटक झलक्क सम्झेपछि विगतको निरंकुश शासककै रबैया उनीहरुको छनोटमा पर्न पुग्यो । तदनुसार उनीहरुले एउटा चट्टानी अडान र धैर्यताका साथ गर्नुपर्ने कर्मलाई ख्यालख्यालको रुपमा लिए । निरंकुशताको विरुद्धमा लड्दै गर्दाको जस्तो संयमता आधा पनि रहेन । उनी अचानक स्वर्गको आनन्दमा परीहरु नचाउँदै गरेको मानसमा रुमल्लिन थाले । यो दुष्कर्मले गर्दा उनीहरुका मानसमा लोभीपापीपना अधिक मात्रामा बढेर जान थाल्यो । यसै ब्यग्रताले गर्दा उनीहरुको मानस घमण्डले पूर्णरुपमा भरियो । घमण्डले भरिएको मानसले सही काम गर्न सक्ने कुरै भएन । त्यही घमण्ड तोडेर उनीहरुको तेजोवध गर्नका लागि तत्कालीन राजा महेन्द्रले २०१७ सालमा नेतालाई जेलमा कोच्न बाध्य हुनुपरेको थियो ।

अँध्यारो राण शासनको १०० वर्ष भनेको दिक्क लाग्दाको हजार वर्षजत्तिकै लामो अवधि हो । विगतको २०१७ सालदेखि अहिलेसम्मको उबडखाबड र अनिश्चित राजनीतिक भविष्यको कालखण्ड पनि एक प्रकारले पट्यार लाग्दो नै मान्नुपर्छ । राणाशासन कालमा आम नागरिकका आवश्यकताका कुरा सीमित थिए । राजनीतिक सचेतना अहिलेको तुलनामा ज्यादै कम थियो । त्यसैले उनीहरु त्यसैमा अभ्यस्त हुन सकेर केही मात्रामा उन्नतिका कर्म गर्दै जान सकेका हुन् ।

राणाशासनको तुलनामा हालका हामीमा राजनीतिक चेतना निकै बढेको छ । सञ्चार प्रविधिको तीव्र विकासले गर्दा सूचनाको प्रवाह अझै द्रूत गतिमा बढ्दै छ । राणाशासन कालका हामीभन्दा धेरै दीनहीन अवस्थामा बाँच्दै गरेका देशले अहिले आएर हरेक क्षेत्रमा अथाह उन्नति गरेका छन् । यो कुराले हाम्रा सचेत युवालाई निकै खिज्याएको जस्तो लाग्छ । तर आजका देश हाँक्ने जिम्मा पाएका शासकहरुले त्यस कुरालाई आत्मसात् गर्न नसकिरहेको अवस्था छ । यो अवस्थाले आम युवामानसमा निराशाको भाव पैदा गरिदिएको छ । यो देशको राजनीति सुधारिएर एउटा सिस्टममा हिँड्ला, राजनीतिक स्थिरता कायम होला, हाम्रा युवाले स्वदेशमै रोजगारी पाएर सन्तुष्ट हुन सक्लान् भन्नेजस्ता कुरामा देशका नब्बे प्रतिशत युवाको विश्वास टुटेर गएको छ । विश्वास टुटेर अविश्वास उत्पन्न भएपछि निराशाको उत्पति हुन्छ । आज हाम्रा युवा मात्र नभएर आम नेपालीको बचाइको अवस्था यसै उबडखाबड र निराशाको बादलभित्र रुमलिएर बित्दै छ ।

हामीले भोग्दै गरेको राजनीतिक वातावरण अनिश्चित भएसँगै भविष्यको राजनीतिक वातावरणसमेत अनिश्चितताको गर्भमा डुबेको छ । राजनीतिमा घुसेको कोही व्यक्तिले उसको व्यक्तिगत प्रयासमा किन नहोस् थोरै भए पनि आशा जगाउने काम गर्न खोजेको खण्डमा चारैतिरबाट उसको तेजोवध गर्न खोजिन्छ । उसलाई गिल्लामा उडाइन्छ । उसको कमजोर प्वाल कहाँनेर छ भनेर मसिन्याएर खोज्ने काम गरिन्छ । यसको वास्तविक उद्देश्य भनेको ऊभन्दा अग्रजहरु जसरी असफल भए तिमी पनि त्यसै गरी असफल हुन सिकन, किन सफल हुन खोज्छौ ? अथवा सफल भएर तिमीले के पाउँछौ ? भन्ने खालको अगुवाहरुको अन्तरफदयले बोलेको कुरो सुनेजस्तो लाग्छ । यति भइसक्दा बिचरा एक्लो पारिएको व्यक्तिको धैर्यता बिस्तारै टुटेर जान थाल्छ । नेपालको राजनीतिमा यो कुतत्वलाई फुटाएर पूर्णरुपले विनाश नगर्दासम्म जति बेला र जोसुकै व्यक्ति शासक बनेको कालखण्डमा पनि हाबी भइरहने सरुवा रोगजस्तै हो । यो सरुवा रोगलाई पूर्णरुपले फालेर नयाँ र नि:स्वार्थ भावको राजनीतिक अभ्यासको थालनी हुनु आजको टड्कारो आवश्यकता हो ।

राजनीतिको सतहमा देखा परेका नेत्रविक्रम चन्दजस्ता व्यक्तिहरु पनि तिनै स्वार्थी र खुरापाती दिमाग भएका गुरुका साख्खे चेला हुन् । अबको राजनीतिक चिन्ताको विषय भनेको नै बूढी मरेर केही आपत्ति भएन, काल पल्क्यो भने आपत्ति नै भयो भन्ने उखानले सार्थकता पाउने देखिन्छ । तर भविष्यको राजनीतिमा पनि खासै सुधार भएर जालाजस्तो विश्वास जगाउने खालको वातावरण बन्न सकेको छैन । आउँदो भविष्यमा समेत यही रबैयाले अगाडि बढ्लाजस्तो अनुमान लगाउन सकिन्छ ।

विगतका केही वर्षदेखि हाम्रा नेपाली युवाहरु वैदेशिक रोजगारीको सिलसिलामा संसार का विभिन्न देशमा पुगेका छन् । ती देशको छोटो समयमा भएको उन्नति हेरेर आफ्नो स्वदेशको उन्नतिसँग तुलना गर्दछन् । विदेशको तुलनामा आफ्नो देश कता हो कता पछाडि परेको कुरा थाहा पाएर उनीहरु धेरै निराश हुन्छन् । यो निराशाले गर्दा उनीहरुलाई स्वदेशमा बस्न मन लाग्दैन । यसरी हाम्रो देशको युवा जनशक्ति तीव्रगतिले विदेश पलायन हुने क्रम दिनानुदिन बढेर गएको छ । यो विषय आम देशभक्त र सचेत नेपाली नागरिकको चिन्ताको विषय बनेको छ । तर यता शासक वर्गतिर नजर लगाउने हो भने देशको चिन्ताको तुलनामा सत्तास्वार्थको चिन्ता र चासो अधिक भएको पाइन्छ ।

हाम्रो देशको राजनीति जति मात्रामा सद्भावपूर्ण हुनुपर्ने हो त्यो भएको पाइँदैन । सद्भावपूर्ण राजनीति भन्नाले शासन र कानुनका नजरले हेर्दा आम नागरिकलाई समताका नजरले हेर्नुपर्ने हो, तर नजानिदो तबरबाट विभेदपूर्ण नीति र व्यवहारबाट जकडिएर जबरजस्तरुपमा समाज अगाडि बढेको छ । न्याय दिने न्यायलयसमेत आफ्नो सही मार्गमा हिँड्न नसकेर धर्खराउँदै समान परिवेशमा पनि कहिले वल्लो किनार त कहिले पल्लो किनारको यात्री बनिरहेको छ । शासकवर्गले आफैँले स्थापना गरेको न्यायालयलाई आफैँले लँगडो वा अपाङ्ग बनाउन उद्यत् हुन्छन् भने त्यो देशको न्याय प्राणली कत्तिको विश्वासिलो होला ? भन्ने प्रश्न स्वयंमा उठ्ने प्रश्न हो । तथापि यस प्रश्नको उत्तर कहिल्यै आउने छैन भन्ने कुरामा पूर्ण विश्वस्त छौं भन्न विवश बन्नुपरेको छ । आम नेपाली जनता आशा र निराशाको चर्खामा कतिन्जेलसम्म पिङ खेलर बाँचिरहने ? भन्ने मूल प्रश्न हो । हाम्रो नेतृत्ववर्गलाई यस विषयमा कुनै खालको चिन्ता र चासो नभएकै मात्र होइन कि जो स्वार्थ भरिएर घमण्ड गर्दै बसेको छ उसले देशको राजनीतिलाई सकेसम्म चौपट पारेर घाटको किनारासम्म लैजान उद्यत् रहेको हुन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# म्यानपावर कम्पनी चोख्याउन श्रममन्त्रीको विभागमा धना



काठमाडौं/विहान पौने १० बजेतिर श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल तहाचालस्थित वैदेशिक रोजगार विभागको कार्यालय पुगे । अनि, अढाई घण्टा बिताए । उनी विभाग पुग्नुको मुख्य कारण थियो- फ्रि भिसा-फ्रि टिकटमा विदेशमा श्रमिक पठायौं भन्ने दाबीसहितको विवरण पठाउने म्यानपावर कम्पनीहरुका सूची प्रकाशन गर्नू ।

वैदेशिक रोजगार विभागले १५ दिनभित्र आफूले आर्थिक वर्ष २०८०/८१मा श्रमिक फ्रि-भिसा फ्रि टिकटको प्रावधान बमोजिम के कति श्रमिक विदेश पठाएको हो भन्ने विवरण पेश गर्न सबै म्यानपावर कम्पनीलाई १७ असारमा निर्देशन दिएको थियो । त्यसअनुसार विवरण पठाउने म्याद बाँकी छ ।

अधिकांश म्यानपावर एजेन्सीले फ्रि-भिसा फ्रि टिकटमा श्रमिक पठाउने गरेका छैनन् । नियम मानेर पैसा नउठाई श्रमिक विदेश पठाउने म्यानपावरको संख्या सीमित छ । विशेषगरी मलेसिया र खाडीमा रहेका अमेरिकी र युरोपेली रोजगारदाता कम्पनीहरुबाटै फ्रि-भिसा फ्रि टिकट लिएर श्रमिकसँग पैसा उठाएमा कारवाहीमा पर्ने अवस्था भएमा मात्र म्यानपावर कम्पनीले फ्रि-भिसा फ्रि टिकटको सुविधा दिने गरेका छन् । त्यसैले अहिलेसम्म विभागमा विवरण निकै कम आएको छ ।

तर श्रममन्त्री अर्यालले आएकाहरुको विवरण सार्वजनिक गर्न दबाव दिन आफैं विभाग पुगे । स्रोतका अनुसार केही कम्पनीका सञ्चालकले मन्त्रालयमा पटक-पटक आफूहरुले स्वच्छ भर्ना प्रक्रिया अपनाएको र श्रमिक पनि नठगेकाले आफूहरुलाई छुट्टै पहिचान दिन माग गर्दै आएका थिए । सरकारी मान्यता र पुरस्कार पाए विदेशमा श्रमिकको डिमान्ड ल्याउन गरिने मार्केटिङ सहज हुने उनीहरुको तर्क थियो ।

अधिकारीहरुका अनुसार सबै म्यानपावर कम्पनीको हकमा फ्रि-भिसा फ्रि टिकटको नीति लागू भएकाले सरकारले नियम मान्ने कम्पनीलाई छुट्टै सूचीमा समेट्न सक्ने अवस्था छैन । त्यसैले श्रममन्त्री अर्यालले विभागलााई विवरण माग गर्न निर्देशन दिए, ताकि त्यसलाई सार्वजनिक गर्दा सरकारी कागजमा अभिलेख होस् ।

तर यही बीचमा सरकार फेरिने अवस्था बन्यो । एमाले र कांग्रेसबीच नयाँ सरकार गठन गर्ने सहमति भयो । त्यसअनुसार एमालेले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा पऱ्यो । २८ असारमा प्रधानमन्त्रीले संसदमा विश्वासको मत लिने तयारी गरेका छन्, तर अहिलेको अंग गणित हेर्दा उनी पदमुक्त हुनेछन् ।

सरकार ढल्ने प्रष्ट भएकाले अर्यालसहित रास्वपाका मन्त्रीहरुले मन्त्री क्वार्टर समेत छाडेका छन् । तर श्रममन्त्री अर्यालले फ्रि-भिसा फ्रि टिकटका श्रमिक पठाएका म्यानपावर कम्पनीहरुको सूची निकाल्न वैदेशिक रोजगार विभागमा ताकेता गरिरहे ।

विवरण बुझाउने समय नै बाँकी रहेको भन्दै कर्मचारीले सूची ननिकालेपछि मन्त्री अर्याल शुक्रबार विहान आफैं विभाग पुगे । मन्त्री आफैं अढाई घन्टा बिसेर तुरुन्तै सूची निकाल्न निर्देशन भनेपछि विभागले भिसा र टिकको शुल्क नदिई शून्य लागतमा श्रमिक पठाउने १४ वटा म्यानपावर कम्पनीको सूची प्रकाशित गरेको छ ।

सूचीमा गुड एलाइन्स ओभरसिज, एफएसआई वर्ल्डवाइड नेपाल, ब्रोडलिंक ओभरसिज, सोलो एसिया रिक्वयारमेन्ट, वाइज इन्टर नेसनल नेपाल, मित्र ओभरसिज, सुनकोशी म्यानपावर सर्भिस, नवजीवन इन्टरनेसनल, एस. गोरखा ओभरसिज, टाइटानिक म्यानपावर सप्प्लायर्स, रिलायन्स एचआर सोलुसन्स, ब्रिटिस गोरखा ओभरसिज सर्भिस, मिराक्ल इम्प्लोयमेन्ट, नासा ह्युमन रिसोर्सको नाम छ । विभागले विवरणको मुनि लेखेको छ, 'माथि उल्लेखित इजाजतपत्रप्राप्त संस्थाले पैसा लिएको भए विभागमा उजुरी दिन समेत अनुरोध छ ।' म्यानपावर कम्पनीले पठाएको विवरणबारे अध्ययन भएको छैन, विगतमा के कस्तो थियो भनेर पनि हेरिएको थिएन ।

सूचीमा भएका केही म्यानपावर कम्पनीविरुद्ध श्रमिकले ठगीको आरोप लगाएका थिए । तर मन्त्रीको दबाबमा फ्रि भिसा फ्रि टिकटमा श्रमिक पठाउने म्यानपावर भनेर हतारहतार सरकारले सूचिकृति गरेपछि विरोध सुरु भएको छ ।

यसलाई म्यानपावर व्यवसायीले नै शंकास्पद भनेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङ कुनै पनि व्यवसायीले आफूले फ्रि-भिसा फ्रि टिकटमा श्रमिक पठाएको छैन भन्ने अवस्था नरहेको बताउँछन् ।

सरकारले नियम लागू गरेयता फ्रि-भिसा फ्रि टिकट दिएको देखिने गरी प्रक्रिया प्रक्रिया पुरा नगरेमा पूर्व र अन्तिम श्रम स्वीकृत नपाइने भन्दै उनले विभागले किन यस्तो विवरण मागेको हो भन्ने उद्देश्य नै प्रष्ट नभएको बताए ।

'मन्त्री आफैंले संसदमा उभिएर फ्रि-भिसा फ्रि टिकट कार्यान्वयनमा छैन भनेर वर्षमा २ खर्ब १ अर्ब ६० करोड गैरबैंकिङ च्यानलबाट श्रमिकसँग व्यवसायीले उठाएको विवरण दिनुभएको छ,' उनले भने, 'सरकारलाई यो नीति लागु भएको छैन भन्ने थाहा हुँदा हुँदै किन व्यवसायीसँग विवरणमा मागियो भन्ने प्रष्ट भएन ।'

अनि, श्रममन्त्री आफैं विभागमा पुगेर यस्तो विवरण सार्वजनिक गराएर दोहोरो चरित्र देखिएको उनले बताए । विवरण बुझाउने मिति नसकिँदै मन्त्री नै विभागमा पुगेर बाहिर ल्याएको यो सूचीमा केही स्वार्थ छ कि भन्ने शंका गर्नुपर्छ' उनले भने ।

विभागका प्रवक्ता गुरुदत्त सुवेदी भने शून्य लागतमा श्रमिक पठाउने म्यानपावरहरुबारे जनतालाई थाहा दिन सूची प्रकाशित गरिएको बताउँछन् । १४ वटा म्यानपावरको मात्रै सूची निकालेपछि अरु सबै म्यानपावर कम्पनीहरुले सरकारको नीति नमानेको देखियो, अब विभागले अरुलाई के गर्छ ? भन्ने संचारकर्मीको प्रश्नमा उनले भने, 'त्यस्तो होइन, यो नि:शुल्क भिसा र टिकट दिने मात्रै हैन, सेवा शुल्क पनि नलिने कम्पनीको सूची हो ।'

विभागले मन्त्री अर्याल विभागमा आएको जानकारीसहित विज्ञप्ति नै जारी गरेको छ । विभागका अनुसार उनले कार्यालयको कामबारे जानकारी लिएको र निर्देशनहरु दिएको विज्ञप्तिमा उल्लेख छ ।

निरीक्षणको क्रममा मन्त्री अर्यालले सेवाग्राहीलाई सन्तुष्टि प्रदान हुने गरी कार्य सम्पादन गर्न, मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्न, नवीकरण प्रक्रियामा रहेका मेनपावर व्यावसायीहरुलाई उजुरी फरफारक गरी मात्र नवीकरण गर्न निर्देशन दिएको महानिर्देशक डन्डुराज घिमिरेले विज्ञप्तिमार्फत जानकारी दिएका छन् ।

'विभागमा नवीकरण, दर्ता, दाखिला, खारेज, लगायतका कार्यहरुमा परिचयपत्रवाहक कर्मचारी, सञ्चालक तथा कानुनी सल्लाहकारको रुपमा नियुक्त कानून व्यवसायीबाहेक अन्य व्यक्तिलाई विभागभित्र प्रवेश निषेध गर्न निर्देशन भएकोले सोही बमोजिम विभागभित्र प्रवेशको व्यवस्था मिलाइने समेत जानकारी गराइन्छ,' विज्ञप्तिमा भनिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# काम गर्ने खालको अफर नआएर ९ वर्ष फिल्म गरिनँ : रेजिना



काठमाडौं/एनलगको जमानामा अभिनेत्री रेजिना उप्रेतीले करिब एक सय हाराहारी फिल्ममा काम गरिन् । त्यसमध्ये केही फिल्म व्यावसायिक रुपमा सफल पनि भए । तर, २०७० सालमा विवाह गरेर एक सन्तान भएपछि उनको अभिनय यात्रामा विश्राम लाग्यो । र, फिल्म क्षेत्रको माहोल पनि बदलियो । यसपछि चलचित्र कलाकार संघको राजनीतितिर लागेकी रेजिना उपाध्यक्ष र बरिष्ठ उपाध्यक्ष बनिन् ।

तर, कलाकार संघको अध्यक्षमा पराजित भएपछि उनी अभिनयमा फर्किएकी छन् । उनले झन्डै ९ वर्षको अन्तरालपछि पुनरागमन गरेको फिल्म 'मोदीबेनी' आगामी साउन १८ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यसमा उनको भूमिकाबारे खुलाइएको छैन । तर, दुई हप्ताअघि सार्वजनिक पोस्टर हेर्दा रेजिना गाउँले चरित्रमा रहेको प्रष्ट बुझिन्छ । उनी यो फिल्मलाई लिएर उत्साहित छिन् ।

९ वर्ष फिल्म नगर्नुको कारण भने काम गर्ने खालको क्यारेक्टरबाट प्रस्ताव नआएको उनको भनाई छ । सोमबार 'मोदीबेनी'को गीत सार्वजनिक कार्यक्रममा उनले भनिन्, 'मैले ९ वर्षदेखि फिल्म गरिनँ । कलाकारिता भने मनमा थियो । काम गर्नुपर्छ भन्ने भइरहेको थियो । म राम्रो क्यारेक्टर र टिम पर्खिरहेको थिएँ । बीचमा अफर नआएको पनि होइन । तर, काम गर्ने खालको अफर नै आएन ।'

'मोदीबेनी'मा जोडिन भने रेजिनालाई टिम र कथाले आकर्षित गरेको रहेछ । 'यो फिल्मको कथा र टिम हेरेपछि कमब्याकका लागि यो सही समय हो भन्ने लाग्यो । यो एकदमै जोशले भरिएको टिम हो । यो टिमको उर्जाले मलाई पनि कलाकारिता छोड्नु हुँदैन भन्ने महसुस भएको छ,' उनले भनिन् । यो फिल्ममा काम गर्दा १५/२० वर्ष अगाडिको आफ्नो जोश सम्झना आएको रेजिना बताउँछिन् ।

# 'मोदीबेनी'को 'मञ्जुरी' गीतमा अमरसँग रोमान्टिक वर्षा



काठमाडौं/आगामी साउन १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमबीच सार्वजनिक 'मञ्जुरी' बोलको रोमान्टिक गीतमा फिल्मकी अभिनेत्री वर्षा सिवाकोटी र नव-अभिनेता अमर प्रताप श्रेष्ठ फिचर्ड छन् । गीतले उनीहरुको एकअर्काप्रति आकर्षण, प्रेम र आशक्ति बोल्छ । दुवैको 'केमेस्ट्री' सुहाएको छ ।

एसडी योगी र विज्ञानी पराजुलीको गायन रहेको गीतमा एसडी स्वयंको संगीत तथा राम अविरल विष्टको रचना छ । किरण थापाको कोरियोग्राफी रहेको गीतमा उत्सव दाहालको छायांकन तथा भरत रेग्मीको सम्पादन छ । गीतको अडियो कर्णप्रिय छ भने भिडियो आकर्षक बनेको छ । गीतले फिल्मको राम्रो हाइप निर्माण गर्न सक्ने देखिन्छ । निर्माण टिमलाई पनि यो गीतबाट ठूलो अपेक्षा छ ।

शंकर कोइरालाको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा वर्षा र अमरसँगै सरोज खनाल, रेजिना उप्रेती, प्रवीण खतिवडा, दीलिप केसी, जीवन भट्टराई, कमलमणि नेपाल, सरोज अर्याल, अनामिका लामिछाने, स्नेहा भट्टराई, लाबिस लगायतको पनि अभिनय छ । रेजिनाले यो फिल्मबाट झण्डै १० वर्षपछि कमब्याक गरेकी हुन् । फिल्ममा उनले वर्षाकी आमाको भूमिका निर्वाह गरेको चर्चा छ ।

पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको अविश्वसनीय घटनामा आधारित भएर फिल्म बनेको हो । तर, फिल्मको कथा त्यहाँको मात्र नभई नेपालको जुनसुकै स्थानमा पनि त्यस्ता घटना भइरहेको पाइने निर्देशक कोइरालाको दाबी छ ।

आनन्द बिक्रम क्षेत्रीको लेखन रहेको फिल्मका निर्माता दीलिप केसी तथा सह-निर्माता हरि श्रेष्ठ हुन् । फिल्मलाई काभ्रे र मोदीबेनी क्षेत्रमा छायांकन गरिएको हो ।

# कञ्चनपुरमा 'रेकर्ड ब्रेक' वर्षा, कारण के होला ?

काठमाडौं/सुदूरपश्चिम प्रदेशको कञ्चनपुरमा २४ घण्टाको अवधिमा नेपालको इतिहासकै सबैभन्दा बढी वर्षा रेकर्ड भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार कञ्चनपुरको दोधारास्थित स्वचालित वर्षा मापन केन्द्रमा चौबीस घण्टाको अवधिमा ६२४ मिलिमिटर वर्षा रेकर्ड भएको छ । यो नेपालमा वर्षा मापन थालेयताकै सबैभन्दा धेरै वर्षाको रेकर्ड हो ।

यसअघिसम्म नेपालको सबैभन्दा धेरै वर्षा २०७४ साल भदौ १ गते (१७ अगष्ट २०१७) मा मकवानपुरको टिस्टुङ पालुङमा भएको थियो । विभागको रेकर्ड अनुसार त्यतिबेला ५१६.२ मिलिमिटर वर्षा मापन भएको थियो । वरिष्ठ मौसमविद् डा. इन्दिरा कँडेलले भनिन्, 'कञ्चनपुरको दोधारामा ६२४ मिलिमिटर वर्षा मापन भएको छ । यो रेकर्ड ब्रेकिङ वर्षा हो ।'

दोधारामा यसअघि वर्षा मापन केन्द्र थिएन । दोधारामा २०८० फागुन १२ गतेमात्र स्वचालित स्टेसन जडान गरिएको थियो । त्यसैले अघिल्ला वर्ष त्यहाँ कति वर्षा हुन्थ्यो भन्ने थाहा छैन । त्यसैले अहिलेकै वर्षालाई मौसमविद्हरुले 'रेकर्ड ब्रेकिङ' मानेका हुन् ।

आइतबार राति करिब ८ बजेदेखि सोमबार बिहान २ बजेसम्मको अवधिमा कञ्चनपुरमा अत्यधिक भारी वर्षा भएको थियो । वर्षाको प्रकृति हेर्दा र प्रारम्भिक विश्लेषण गर्दा त्यो 'क्लाउड ब्रस्ट' (आरी घोप्टे) वर्षा जस्तो देखिए पनि एकिनका साथ भन्न नसकिने डा. कँडेल बताउँछिन् । 'प्रारम्भिक विश्लेषणअनुसार वर्षाको प्रकृति र मात्रा हेर्दा कञ्चनपुर जिल्लामा विशेषगरी दोधारा, सुन्दरपुर तथा हनुमाननगर आसपासमा क्लाउड ब्रस्ट वर्षा भएको जस्तो देखिन्छ,' कँडेल भन्छिन्, 'यसबारे विभागले थप अध्ययन गरिरहेको छ ।' वैज्ञानिक अध्ययन नगरी ठोकुवाका साथ आरी घोप्टे वर्षा भनेर भन्न नसकिने उनको भनाइ छ ।

### कञ्चनपुरमा किन यति धेरै वर्षा भयो ?

वरिष्ठ मौसमविद् डा. कँडेलका अनुसार कञ्चनपुरका हनुमाननगर र सुन्दरपुर स्टेसनमा पनि अति भारी वर्षा रेकर्ड भएको छ । हनुमाननगरमा ५७३.६ र सुन्दरपुरमा ५५६.४ मिलिमिटर वर्षा मापन भएको छ । हनुमाननगरमा यसअघि २०५७ साल असार १७ गते (१ जुलाई २०००) मा ५०० मिलिमिटर वर्षा भएको रेकर्ड छ ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले यसअघि नै विशेष बुलेटिन जारी गरेर मनसुन न्यून चापीय रेखा नेपाल नजिक सरेकाले अति भारी वर्षा हुने जानकारी दिएको थियो । पूर्वानुमान अनुसार नै केही दिनदेखि देशभर नै वर्षा भइरहेको छ । गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा अति भारी वर्षा भएको थियो । तीन दिन अघि पाल्पाको कुमालगाउँमा २४ घण्टामा ४०८.२ मिलिमिटर वर्षा रेकर्ड भएको थियो ।

दुई-तीन दिनसम्म गण्डकी र लुम्बिनी प्रदेशमा केन्द्रित भएको वर्षा त्यसपछि सुदूरपश्चिम र कर्णालीको तल्लो भूभागमा केन्द्रित भएको थियो । तर कञ्चनपुरमा यति धेरै वर्षा होला भन्ने संकेत महाशाखालाई थिएन ।

'त्यो ठाउँमा रेकर्ड ब्रेकिङ वर्षा हुन्छ भन्ने हामीलाई पनि थाहा थिएन । किनभने स्थान विशेष पूर्वानुमान गर्न सक्ने प्रविधि हामीसँग छैन,' वरिष्ठ मौसमविद शान्ति कँडेल भन्छिन्, 'कञ्चनपुरमा किन अत्यधिक वर्षा भयो भन्ने थप अध्ययन अनुसन्धानको विषय हो ।'

मनसुन न्युनचापीय प्रणाली र स्थानीय स्तरमा बनेको अर्को छुट्टै प्रणालीको संयुक्त प्रभावले अत्यधिक वर्षा भएको अनुमान छ ।

### "असामान्य वर्षा"

भूगर्भविद एवम् त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ क्याम्पस पुल्चोकका प्राध्यापक डा.बसन्तराज अधिकारी कञ्चनपुरमा 'असामान्य' वर्षा भएको र त्यसले बाढी-पहिरो र डुबान जस्ता विपत्ति निम्त्याएको बताउँछन् ।

'हुन त पहिला पनि जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको थियो तर कञ्चनपुरको वर्षा एकदमै असामान्य देखियो,' डा. अधिकारी भन्छन्, 'मनसुनमा एकै ठाउँमा, यति छिटो, यति धेरै वर्षा हुनुचाहिँ अस्वाभाविक नै देखिन्छ । यो वर्षाले परशुराम, चाँदनी, दोधारा लगायत स्थानमा एकदमै ठूला असर गरेको पाइएको उनी बताउँछन् । त्यहाँका बस्तीहरु जलमग्न छन् । केहीको मृत्यु भएको छ ।

डा. अधिकारी जलवायु परिवर्तनको असरका कारण यस्तो वर्षा भएको हुनसक्ने अनुमान गर्दै भन्छन्, 'यस्ता किसिमका असामान्य प्रकृतिका मौसमी घटनाहरु जलवायु परिवर्तनको सम्भावनासँग जोडिएका हुनसक्छन् भनेर विश्वभरका वैज्ञानिकहरुले भनिरहेका छन् । तर कञ्चनपुरको घटना जलवायु परिवर्तनसँग नै सम्बन्धित छ भनेर मैले चाहिँ ठोकुवा गर्न सक्दिनँ ।''

स्थानीय प्रशासनका अनुसार अविरल वर्षाका कारण कञ्चनपुरमा ११ सय बढी र कैलालीमा डेढ सय बढी परिवार प्रभावित भएका हुन् । प्रहरीको तथ्यांकअनुसार मनसुनजन्य विपद्ले कञ्चनपुरका मात्रै ३ जनाको मृत्यु भएको छ भने २ जना सम्पर्कविहीन छन् । कैलालीमा एकजना बेपत्ता छन् । जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका अनुसार मृत्यु हुनेमा एकजना ७ महिने शिशु पनि छन् ।

*(स्रोत: अनलाइनखबर)*

# अब कहिले खेल्छ नेपालले अन्तर्राष्ट्रिय क्रिकेट ?



काठमाडौं/पछिल्लो डेढ वर्ष नेपाली क्रिकेट टोली अन्तर्राष्ट्रिय क्रिकेटमा निकै ब्यस्त रह्यो । तीन साताअघि अमेरिका र वेष्टइण्डिजमा आईसीसी टी-२० विश्वकप २०२४ खेलेर फर्केको नेपालले तत्काल खेल्नुपर्ने अन्तर्राष्ट्रिय खेल छैन । वर्षायाम सुरु हुँदा तत्काल घरेलु मैदानमा सिरिज खेल्ने सम्भावना छैन ।

समाजिक सञ्जालमा नेपालले अर्को महिना अफगानिस्तान विरुद्ध सिरिज खेल्ने चर्चा चलेको छ । तर त्यो सत्य नभएको नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्का बताउँछन् । अफगानिस्तान विरुद्ध सिरिज खेल्ने हालसम्म कुनै प्रस्ताव र निर्णय नभएको खड्काले संचारकर्मीलाई जानकारी दिए ।

क्यानको वार्षिक क्यालेन्डर सन् २०२४ लाई आधार मान्दा नेपालले अब सेप्टेम्बरमा अन्तर्राष्ट्रिय क्रिकेट खेल्नेछ । क्यानडाअघि कुनै सिरिजको सम्भावना छ भन्ने प्रश्नमा खड्का भन्छन्, 'हामी योजना निर्माणको क्षणमा छौं । कुनैपनि कुरा पक्का भएको छैन । हालसम्म शून्य जस्तै हो ।'

सेप्टेम्बरमा नेपाल, ओमान र क्यानडाबीच त्रिकोणात्मक टी-२० आई सिरिज हुनेछ । त्यसपछि नेपाल, ओमान र क्यानडाबीच आईसीसी लिग-२ त्रिकोणात्मक सिरिज हुनेछ । लिग-२ त्रिकोणात्मक सिरिजपछि नेपालले क्यानडसँग दुई ओडीआई खेलको सिरिज खेल्ने तालिका छ ।

त्यसपछि नेपालले घरेलु मैदानमा सिरिज खेल्ने तालिका छ । तर कुन टोलीसँग खेल्ने क्यालेन्डरमा उल्लेख छैन । नेपाल अक्टोबरमा अमेरिका भ्रमणमा जानेछ । त्यहाँ नेपाल, अमेरिका र स्कटल्यान्डबीच त्रिकोणात्मक टी-२० आई सिरिज हुनेछ । आईसीसी विश्वकप लिग-२ मा नेपाल, अमेरिका र स्कटल्यान्ड भिड्नेछन् ।

नोभेम्बर १६ देखि डिसेम्बर ७ सम्म नेपाल प्रिमियर लिग हुनेछ । नेपालले डिसेम्बर १५ देखि ३० सम्म घरेलु मैदानमा टी-२० आई र ओडीआई सिरिज खेल्ने तालिका छ । तर कुन टोलीविरुद्ध भन्ने तय भएको छैन । डिसेम्बरमा नै फर्स्टक्लास (प्रथमश्रेणी) खेल नेपालले प्रस्ताव गर्ने जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# अभिनेत्रीहरुको कमब्याक लहर: रहर कि कथाको माग ?

काठमाडौं/कुनै बेला नेपाली फिल्ममा बलियो उपस्थिति जनाएका कयौंन् कलाकार पाखापाखा लागिसकेका छन् । कोही विदेश पलायन भए त कोही घरव्यवहारले अभिनयमा सक्रिय हुन सकेनन् । यसैले अहिले नेपाली फिल्ममा लगभग नयाँ पुस्ताकै हालिमुहाली देखिएको छ । यद्यपि, पुराना कलाकारलाई फिल्ममा हेर्ने इच्छा दर्शकले व्यक्त गरिरहेका हुन्छन् । तर, त्यो इच्छा खासै पूरा हुन सकेको थिएन ।

यतिबेला भने पुराना कलाकारहरुको कमब्याक जोरसोरले चलिरहेको छ । त्यसमा विशेषगरी अभिनेत्रीहरु बढी छन् । कोही विवाह भएपछि सन्तान हुर्काउन अभिनयमा टाढिएका थिए भने कोही विदेश बसाइँले गर्दा विश्राम लिन बाध्य भएका थिए । यतिखेर पुराना नाम चलेका केही अभिनेत्रीहरु धमाधम अभिनयमा फर्किरहेका छन् । त्यसमा पूजा चन्द (लामा)देखि अरुणिमा लम्सालसम्म छन् ।

पूजा २० वर्षपछि फिल्म 'भूठान'बाट अभिनयमा फर्किएकी हुन् । अघिल्लो वर्ष अमेरिकामा छायांकन हुँदा उनले यो फिल्ममा काम गरेकी थिइन् । यसपछि फिल्म 'तेल भिसा'मा पनि काम गरिसकेकी छन् । यसैको अन्तिम चरणको छायांकनका लागि अहिले पूजा नेपालमा छिन् । कुनै समय नेपाली फिल्ममा बलियो पकड बनाएकी उनलाई दुई दशकपश्चात् फेरि पर्दामा हेर्न दर्शक अधैर्य छन् ।

विवाहपछि अभिनयबाट टाढिएकी कुनै समयकी सफल अभिनेत्री विपना थापाले पनि १३ वर्षपछि फिल्म 'ह्रस्व दीर्घ'बाट पुनरागमन गरेकी छन् । गत वर्ष चितवनमा छायांकन हुँदा मेकअप गर्ने क्रममा उनी गहभरी भएकी थिइन् ।

परिवारसहित भारतको मथुरामा बस्दै आएकी उनी नेपाल आउजाउ भने बाक्लै गरिरहेकी हुन्छिन् । अब उनी फिल्म अभिनयलाई निरन्तरता दिने योजनामा छिन् ।

विवाहपछि ९ वर्ष अभिनयबाट टाढिएकी अर्की अभिनेत्री रेजिना उप्रेती पनि फिल्ममा फर्किएकी छन् । आगामी साउन १८ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'मोदीबेनी'बाट उनले कमब्याक गरेकी हुन् । दुई कार्यकाल चलचित्र कलाकार संघको उपाध्यक्ष रहेकी उनी अध्यक्षमा पराजीत भएपछि फिल्ममा फर्केकी हुन् । अब अभिनयमा निरन्तरता दिन उनलाई 'मोदीबेनी' सफल हुन जरुरी छ ।

त्यस्तै, अमेरिकामा बस्दै आइरहेका दुई अभिनेत्री अरुणिमा लम्साल र ऋचा घिमिरे पनि एक दशकपछि अभिनयमा फर्किएका छन् । ऋचाले श्रीमान् (निर्देशक शंकर घिमिरे)को फिल्म 'तेल भिसा'बाट कमब्याक गरेकी हुन् भने अरुणिमाले यतिबेला अमेरिकामै वेब सिरिज 'घर बट इन अमेरिका'मा अभिनय गरिरहेका छन् । यसरी हेर्दा अहिले पुराना अभिनेत्रीहरुको कमब्याकको लहर देखिन्छ ।

तर, यो लहर रहरको हो या कथाको माग ? यो सबैभन्दा महत्त्वपूर्ण छ । पुराना कलाकार प्रति अपेक्षा ठूलो हुन्छ । त्यसैले कमब्याक रहर मात्र हो भने त्यसको औचित्य नहुन सक्छ । कथाकै माग हो भने कमब्याक सार्थक बन्नेछ । र, अब पनि परम्परागत शैलीको चरित्रचित्रणले दर्शक रिझाउन सम्भव छैन । त्यसैले चरित्र र अभिनयमा फरकपन देखिन जरुरी छ । यो सबैभन्दा ठूलो चुनौती हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# थाहा नगरपालिकाको वित्तीय प्रगति ८० प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा ८०.२७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । १४ औं नगरसभाबाट पारित विनियोजन ऐनमा पालिकाले यो प्रगति हासिल गरेको हो ।

थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ का लागि चालुतर्फ ५२ करोड ५८ लाख ७८ हजार बजेट विनियोजन गरेकोमा ४७ करोड ३ लाख ४२ हजार २ सय ९९ रुपैयाँ अर्थात ८९.४४ प्रतिशत खर्च भएको लेखाअधिकृत अमरबहादुर जिसीले जानकारी दिए ।

त्यसैगरी पुँजीगततर्फ ५१ करोड ११ लाख ८६ हजार ८ सय ३५ रुपैयाँ विनियोजन भएकोमा ३६ करोड २० लाख ७९ हजार ६ सय ६९ रुपैयाँ अर्थात ७०.८३ प्रतिशत वित्तीय प्रगति भएको लेखाअधिकृत जिसीको भनाइ छ । चालु आर्थिक वर्षका लागि थाहा नगरले १ अर्ब ३ करोड ७० लाख ६४ हजार ८ सय ३५ रुपैयाँ बजेट विनियोजन गरेकोमा ८३ करोड २४ लाख २१ हजार ९ सय ६८ रुपैयाँ खर्च गरेको हो ।



थाहा नगरपालिकाले आम्दानीको आधारमा ९६.४२ प्रतिशत वित्तीय प्रगति गरेको छ । थाहानगरले ८६ करोड ३३ लाख १४ हजार ३ सय ६३ रुपैयाँ आम्दानी गरेको छ । सशर्ततर्फको पूर्णरकम खर्च नभएकोले जम्मा आम्दानी बढी देखिएको लेखाअधिकृत जिसीले बताए । उनले भने,-'बढी भएको सशर्त बजेट संघीय र प्रदेश सञ्चितकोष खातामा फिर्ता हुने गर्दछ ।,'

आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन भएको वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने सबैलाई पालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले धन्यवाद दिएका छन् । यसैबीच चालु आर्थिक वर्षमा भएको वित्तीय प्रगति अघिल्लो आर्थिक वर्ष २०७९/८० को भन्दा ०.३२ प्रतिशत कम हो । अघिल्लो आर्थिक वर्षमा १ अर्ब १९ करोड २६ लाख ११ हजार ८ सय ६२ रुपैयाँ बजेट विनियोजन भएकोमा ९४ करोड ६७ लाख ३८ करोड ८ सय ५६ अर्थात ८०.५९ प्रतिशत वित्तीय प्रगति भएको थियो । यो आर्थिक वर्षमा चालुतर्फ ९०.२८ र पुँजीगततर्फ ७०.९० प्रतिशत वित्तीय प्रगति भएको थाहा नगरको तथ्यांक छ ।

# बालसमूहलाई टिसर्ट सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ हेटौंडा उपमहानगरपालिका-८ विकास टोलस्थित बालसमूहलाई वडाले टिसर्ट सहयोग गरेको छ । ८ नम्बर वडा कार्यालयबाट प्राप्त टिसर्टलाई बालसमूहमा वितरण गरिएको हो ।

त्यहाँस्थित समगरमाथा बालसमूहका सदस्यको उपस्थितिमा टिसर्ट वितरण गरिएको हो । वडाबाट प्राप्त भएको टिसर्टलाई समूहका संरक्षक तथा अभिभावक पार्वती दाहालसहितको उपस्थितिमा वितरण गरिएको बालसमूहले जनाएको छ । वडाबाट बालसमूहको नाम अंकित टिसर्ट पाएपछि बाल समूहका सदस्यहरु खुशी भएका छन् ।

# एफएनसीसीआईको अध्यक्ष पुन: प्रत्यक्ष निर्वाचित हुने, दुईजना वरिष्ठ उपाध्यक्ष

काठमाडौं, २४ असार/ नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)को अध्यक्ष पुन: प्रत्यक्ष निर्वाचनबाट चयन हुने व्यवस्था गरिएको छ । यसअघिको विधानमा महासंघका वरिष्ठ उपाध्यक्ष आगामी कार्यकालमा स्वत: अध्यक्ष हुने प्रावधान थियो ।

उक्त प्रावधानमा भएको विधानलाई महासंघको कार्य समितिले सोमबार सर्वसम्मत संशोधन गरेको हो । यससँगै पुन: महासंघको अध्यक्ष प्रत्यक्ष निर्वाचनबाट चयन हुने भएको छ । कार्यसमितिले संशोधन गरेको विधानलाई आगामी मंसिरमा हुने साधारण सभाले पारित गरेपछि कार्यान्वयनमा आउने छ ।

यसअघि भवानी राणा वरिष्ठ उपाध्यक्ष हुँदा विधान संशोधन गर्दै स्वत: अध्यक्ष हुने व्यवस्था गरिएको थियो । त्यसअघि अध्यक्ष प्रत्यक्ष निर्वाचनबाट आउने व्यवस्था थियो । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले विधान आजको कार्यसमिति बैठकले सर्वसम्मतिले पारित गरेको र अबदेखि प्रत्यक्ष निर्वाचनबाट अध्यक्ष चयन हुने जानकारी दिए । यो प्रावधानले सक्षम व्यक्तिलाई प्रत्यक्ष रूपमा अध्यक्ष लड्न सहयोग पुग्ने ढकालले बताए । आफू वरिष्ठ उपाध्यक्ष उठ्दा उनले चुनावी नारामा यही विषयलाई प्रमुखताका साथ उठाएका थिए ।

अध्यक्ष ढकालका अनुसार सोमबार संशोधित प्रावधान हालका वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष भएपछि अर्को कार्यकालबाट लागू हुने छ । अहिले वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ छन् । संशोधित विधानमा एकबाट वरिष्ठ उपाध्यक्ष दुई जना रहने व्यवस्था गरिएको छ । त्यस्तै हाल तीन रहेको उपाध्यक्षमा थप गरेर एक महिला उपाध्यक्षको पनि व्यवस्था गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मुख्यमन्त्री बन्न कांग्रेसभित्र बहादुर र इन्द्रको रस्साकस्सी





साझाकुरा संवाददाता

हेटौंडा, २४ असार/ एमाले बागमती प्रदेश सरकारबाट सोमबार बाहिरिएसँगै माओवादी केन्द्रका नेता तथा मुख्यमन्त्री शालिकराम जम्कक्ट्टेल नेतृत्वको सरकार अल्पमतमा परेको छ । एमाले यो सरकारबाट बाहिरिनु अघि नै कांग्रेसभित्र भावी मुख्यमन्त्री को हुने ? भन्नेमा रस्साकसी सुरु भइसकेको थियो ।

केन्द्रमा भएको सहमति अनुसार कांग्रेसले बागमतीको मुख्यमन्त्री प्राप्त गर्ने भएसँगै संसदीय दलका नेता बहादुरसिंह लामा र प्रदेश सभापति ईन्द्र बानियाँको सक्रियता बढेको छ । लामा र बानियाँले मुख्यमन्त्रीको अपेक्षा राखेर दौडधुप र लबिङ बढाएका छन् ।

कांग्रेसको प्रदेशसभा संसदीय दलको विधान अनुसार पार्टीको नेतृत्वमा सरकार बन्ने अवस्थामा संसदीय दलको नेता मुख्यमन्त्री हुने व्यवस्था छ । प्रदेशसभा संसदीय दलको विधानको दफा ६ को उपदफा १० मा 'पार्टीले प्रदेश सरकार गठन गरेको अवस्थामा नेताका हैसियतमा नेतृत्व प्रदान गर्ने' उल्लेख छ ।

कांग्रेसले सरकार बनाउने अवस्था र संसदीय दलको कार्यान्वयन गर्दा मुख्यमन्त्री हुने पात्रमा निर्विकल्प संसदीय दलका नेता लामाले सरकारको नेतृत्व गर्नेछन् । तर, बागमतीमा कांग्रेसभित्र देखिएको पछिल्लो परिस्थितिले पार्टीबाट निर्विवाद मुख्यमन्त्री बन्न भने लामालाई सहज देखिएको छैन । संसदीय दलको विधानअनुसार सरकारको नेतृत्व गर्दा मुख्यमन्त्री लामा नै हुने उनी पक्षीय सांसदहरुको दाबी छ । तर, संविधानको आधार देखाएर मुख्यमन्त्रीको आकांक्षीमा प्रदेश सभापति बानियाँ पनि देखिएका छन् ।

संविधानको धारा १६८ (२) अनुसार बानियाँ मुख्यमन्त्री बन्नसक्ने आधार रहेको बानियाँ पक्षीय प्रदेश सांसदहरुको जिकिर छ । संविधानको यो व्यवस्थामा 'प्रदेशसभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभाको सदस्यलाई प्रदेशप्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने' उल्लेख छ ।

प्रदेशमा यही धारा अन्तर्गत रहेर सरकार निर्माण भइरहेको छ । संविधानको धारा १६८ (२) ले संसदीय दलको नेता बाहेक अर्को व्यक्ति पनि मुख्यमन्त्री हुनसक्ने आधार रहेको बानियाँ पक्षका सांसदको तर्क छ । संसदीय दलको नेता बाहेक अरु पनि मुख्यमन्त्री बन्न संविधानले दिएको बानियाँ निकट प्रदेश सांसद मीनकृष्ण महर्जनले बताए ।

'ईन्द्र दाइ मुख्यमन्त्री बन्न संविधानले दिएको छ । लामाबाट चल्दैन,' महर्जनले भने, 'कांग्रेसबाट बहादुरसिंह सरकारमा मन्त्री भएर पनि गइसक्नुभएको छ ।,' अर्कोतिर, लामा पक्षधरले भने बानियाँ मुख्यमन्त्री हुनै नसक्ने दाबी गरेका छन् । पार्टी विधान कार्यान्वयन गर्दा लामा नै मुख्यमन्त्री हुने प्रदेश सांसद कुन्दनराज काफ्लेले बताए । 'कांग्रेसको विधान भन्दा माथि कांग्रेसका लागि केही हुन्छ र ? विधानभन्दा बाहिर कांग्रेस चल्छ त ?,' काफ्ले भन्छन्, 'कि संसदीय दलको नेतै परिवर्तन गर्न पर्‍यो । होइन भने मुख्यमन्त्री बहादुरसिंह नै हुने हो ।,'

मुख्यमन्त्रीको आकांक्षी देखिएका बानियाँले मधेस प्रदेशमा जनमत पार्टीले अंगालेको पद्दतिलाई पनि आधार देखाएका छन् । जनमत पार्टीले संसदीय दलका नेता महेशप्रसाद यादवलाई मुख्यमन्त्री नबनाई सतिश सिंहलाई बनाएको छ । बानियाँ निकट प्रदेश सांसद महर्जन जनमतले मधेसमा गरेजस्तै कांग्रेसले बागमतीमा गर्नुपर्ने बताउँछन् । जनमतले प्रयोग गरेको विधि कांग्रेसमा लागु हुन नसक्ने लामा पक्षधरको भनाई छ ।

'कांग्रेसको विधानमा भएको तर्क गर्न पर्‍यो नि । अरुले जे गर्‍यो, कांग्रेसले त्यही गर्ने हो र ?,' प्रदेश सांसद काफ्ले भन्छन् । दुईपटक प्रदेशसभापति, अघिल्लोपटक आलोपालो सरकार बनाउने सहमति भएपनि मुख्यमन्त्री बन्न नपाएका, हालसम्म सरकारमा सहभागी नभएको लगायत तर्क सहित मुख्यमन्त्री बानियाँ हुनुपर्ने तर्क उनी पक्षको छ । बहादुरसिंह पक्षधर एक प्रदेश सांसदका अनुसार आइतबार उनले बैठक डाकेका थिए । बैठकमा २९ जना सांसद सहभागी भएको उनले दाबी गरे । संसदीय दलको निर्वाचनमा बहादुरसिंहले २१ मत पाएका थिए । संसदको सबैभन्दा ठूलो दल कांग्रेसका बागमतीमा ३७ सांसद छन् ।

प्रदेशसभापति बानियाँ र संसदीय दलका नेता लामा पार्टीमा एउटै समूहमा छन् । संस्थापन पक्षका बानियाँ र लामा संसदीय दलको नेतामा प्रतिस्पर्धा गरेका थिए । बानियाँ संसदीय दलमा पराजित भएका थिए ।

अघिल्लो कार्यकालमा संसदीय दलको नेता रहेका बानियाँ एकीकृत समाजवादीबाट मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डेको नेतृत्वको सरकार मन्त्री बनेर गएनन् । हाल संसदीय दलका नेता रहेका लामा भने माओवादी केन्द्रका जम्कट्टेल नेतृत्व गरेको सरकारमा आर्थिक मामिला तथा योजनामन्त्री बने ।

*(स्रोत: अनलाइनखबर)*

# ४० सहकारीमाथि महानगरको अनुगमन, सुमेरुको ३ अर्ब भरत महर्जनले अपचलन गरेको पुष्टि

काठमाडौं, २४ असार/ काठमाडौं महानगरपालिकाले ४० वटा सहकारी संस्थाको सघन अनुगमन गरेको छ । तीमध्ये सातवटा सहकारी संस्थाहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाइएको महानगरपालिकाले जानकारी दिएको छ ।

महानगरले चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार १६ चैतदेखि ७ असारसम्म ती सहकारीको अनुगमन गरेको थियो । अनुगमनमा परेको कालीमाटीको सुमेरु बचत तथा ऋण सहकारी संस्था कालीमाटी र स्क्वायर बचत तथा ऋण सहकारी संस्थाको आवश्यक कागजपत्र र विवरणसमेत फेला नपरेको महानगर स्रोतले जनाएको छ ।

दुवै सहकारी संस्थामा बचतकर्ताको रकम फिर्ता हुने अवस्था नदेखिएको भन्दै थप छानबिन गरी कारबाही गर्न महानगरले प्रहरीको सीआईबीमा पठाएको छ । 'हामीले यसअघि नै ९१ वटा सहकारी संस्थालाई कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौंमा पठाइसकेका छौं,' महानगर स्रोतले भन्यो । महानगरले अनुगमन गरेको कालीमाटीको सुमेरु बचत तथा ऋण सहकारी संस्था र ललितपुरको सोही नामको संस्थाका सञ्चालक भरत महर्जन हुन् । उनी १० अर्ब रुपैयाँभन्दा बढी बचत अपचलन गरी बेलायत पलायन भएका छन् ।

भरतले कालीमाटीमा छुट्टै सुमेरु सहकारी दर्ता गरी त्यसको अध्यक्ष श्रीमतीलाई बनाएका थिए । संस्थामा श्रीमतीपछि भान्जा र छोरालाई अध्यक्ष बनाएका महर्जनले उक्त संस्थामा ठूलो रकम अपचलन गरेका छन् । स्रोतका अनुसार महानगरको अनुगमनमा सिस्टममा देखिएको कुल निक्षेप दायित्व ३ अर्ब १९ करोड छ ।

त्यसमध्ये ३४ करोड मात्रै सेयर सदस्यमा ऋण लगानी भएको छ । सहकारीको अन्य रकम भरत महर्जन लगायतले दुरुपयोग गरेको देखिएको छ । १ अर्ब ७८ करोड सुमेरु ग्रुप र सहकारीको पुलचोकमा ट्रान्सफर गरेको दाबी गरे पनि पुलचोकको लेखापरीक्षण प्रतिवेदन भिडाउँदा २८ करोड मात्रै उता गएको देखिएको स्रोतको दाबी छ ।

**स्क्वायरका पदाधिकारीले गरे २० करोड अपचलन**

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले स्क्वायर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षसहित तीनजनालाई पक्राउ गरेर अनसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा बुझाएको सीआईबी प्रवक्ता होबिन्द्र बोगटीले बताए । सीआईबीको प्रतिवेदनको आधारमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो । प्रहरीले सहकारीका अध्यक्ष बासुदेवमान जोशी, सचिव सुवर्णकाजी सेलालिक र सञ्चालक धर्मरत्न पाछेंलाई पक्राउ गरेको थियो । कोषाध्यक्ष प्रशान्तराज तुलाधर समेत ८ जनालाई पक्राउ पुर्जी जारी भए पनि तीनजना मात्रै पक्राउ परेका हुन् । पक्राउ परेकालाई अदालतले धरौटीमा छोड्न आदेश दिए पनि २ जना छुट्दा एकजना भने धरौटी बुझाउन नसक्दा कारागार चलान भएका छन् ।

सहकारीका अध्यक्ष वासुदेवमान जोशीले सीआईबीमा दिएको बयानमा १२ करोडभन्दा धेरै बचत दायित्व रहेको उल्लेख गरेका छन् । तर, काठमाडौं महानगर सहकारी विभागका अधिकारीहरू भने २० करोडभन्दा धेरैको बचत दायित्व सहकारीले फिर्ता गर्न बाँकी रहेको बताउँछन् ।

'सहकारीको विनियम अनुसार संस्थाका पदाधिकारीहरू र कर्मचारीहरूले विनाधितो संस्थालाई हानी/नोक्सानी हुने गरी ऋण लिन नपाउने व्यवस्था रहेको छ,' अध्यक्ष जोशीले बयानमा भनेका छन्, 'कोषाध्यक्ष तथा ऋण समितिको संयोजक प्रशान्तराज तुलाधरले ४० लाख र कर्मचारीहरू शुष्मा बज्राचार्यले ८ लाख, रेश्मा बज्राचार्यले ९० लाख, प्रतिमा श्रेष्ठले ३२ लाख र पुनम श्रेष्ठले १७ लाख रुपैयाँ संस्थाबाट विना धितो ऋण लिएका छन् ।'

संस्थाका सचिव सुवर्णकाजी सेलालिकले आफ्नो बयानमा १ सय ६४ वटा ऋणीको फाइल खडा भएको भए पनि उक्त ऋणको फाइलमा आवश्यक कागजात र संस्थाका अध्यक्ष र व्यवस्थापकको भूमिकामा रहेका कोषाध्यक्षको हस्ताक्षर समेत नभएको बयान दिएका छन् ।

**थप सातवटालाई कारबाहीको तयारी**

यसबाहेक काठमाडौं महानगरले थप ५ वटा सहकारी संस्थालाई अनुसन्धानको लागि सीआईबीमा पठाउने निर्णय भएको स्रोतले जनाएको छ । अनुगमनमा परेकोमध्ये एउटा संस्था प्रदेशको कार्यक्षेत्र भएकाले प्रतिवेदनसहित प्रदेशमा पठाएको जानकारी पनि उनले दिएका छन् । 'थप सातवटा ७ वटा संस्थालाई महानगरले कैफियतसहित कारबाही किन नगर्ने भनेर स्पष्टीकरण सोधेकोमा जवाफ आएको छ । त्यसको अध्ययनपछि निर्णय हुन्छ,' स्रोतले भन्यो ।

यस्तै, अन्य २५ वटा संस्थालाई पनि अनुगमन प्रतिवेदनमा देखिएको कैफियत सहित प्रतिवेदनमाथि उनीहरूलाई जवाफ पेस गर्न पत्रचार भएको महानगर स्रोतले बतायो ।

*(स्रोत: अनलाइनखबर)*

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS
HA, LAB TECHNOLOGY,
PHYSIOTHERAPY, PADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

कार्यक्रमहरू

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्स्टिच्युट
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा
(+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

अध्यापन हुने विषयहरू

| विज्ञान संकायतर्फ | शिक्षाशास्त्र तर्फ | व्यवस्थापन तर्फ |
|---|---|---|
| क. भौतिक विज्ञान (Physics) | क. अंग्रेजी (English) | क. विजनेस स्टडिज (Business studies) |
| ख. रसायन विज्ञान (Chemistry) | ख. नेपाली (Nepali) | ख. अर्थशास्त्र (Economics) |
| ग. जिव विज्ञान (Biology) | ग. गणित (Math) | ग. गणित (Basic Math) |
| घ. कम्प्युटर विज्ञान (Computer) | | |

प्राविधिक तर्फ
क. कम्प्युटर सफ्टवेयर

हाम्रो विशेषताहरू:

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाईं प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना